# <u>राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५ मा संशोधनः</u>** राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (यस पछि "मूल ऐन" भनिएको) को दफा ५ को,-

(१) उपदफा (१) को खण्ड (घ) मा रहेका "कम्तीमा पाँचसय जना" भन्ने शब्दहरू अघि " दफा १४ बमोजिमको योग्यता पुगेका एक तिहाई महिला र अन्य समूहको समेत समावेशी प्रतिनिधित्व हुने गरी" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) र (च१) राखिएको छ।

"(च) कम्तीमा एक्काइस र बढीमा ३५१ सदस्य केन्द्रीय समिति,

(च१) कम्तीमा पन्ध्र र बढीमा २५१ सदस्य प्रदेश समितिको व्यवस्था र

**<u>स्पष्टीकरणः</u>** खण्ड (च) र (च१) को प्रयोजनको लागि सम्बन्धित दलको सदस्य संख्या, संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना र संघ, प्रदेश र स्थानीय तहमा दलको प्रतिनिधित्व समेतको आधारमा आयोगले तोकेको मापदण्ड बमोजिम केन्द्रीय समिति र प्रदेश समितिको माथिल्लो हद निर्धारण गर्नु पर्नेछ।"

(३) उपदफा (३) मा रहेका "तोकिएको ढाँचामा" भन्ने शब्दहरूको सट्टा "तोकिएको ढाँचा र प्रक्रिया बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) उपदफा (४) बमोजिम दर्ता भएको दलको विधान र घोषणापत्र आयोगले वेबसाइटमा प्रकाशन गर्नेछ।"

३. **<u>मूल ऐनको दफा ८ मा संशोधनः</u>** मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएको छ।

"(१क.) दलको विधान आयोगले निर्धारण गरेको ढाँचामा हुनु पर्नेछ।"

(२) उपदफा (३) मा रहेका "बनाउन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "बनाई आयोगमा पेस गर्नु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन्:-

"(४) दलको विधान र उपदफा (३) बमोजिम पेश भएको नियमावली आयोगले प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अभिलेखिकरण भएको विधान र नियमावली सम्बन्धित दलले कार्यान्वयन गर्नु पर्नेछ।"

४. **<u>मूल ऐनमा दफा १०क थप</u>**: मूल ऐनको दफा १० पछि देहायको दफा १०क थपिएको छ :- "१०क **<u>महाधिवेशन गर्नुपर्ने</u>**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १० बमोजिम एकीकरण भएको दलको हकमा एकीकरण भएको मितिले एक वर्षभित्र महाधिवेशन गर्नु पर्नेछ।"

५. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>**: मूल ऐनको दफा १३ को उपदफा (१) को "कुनै दलले" भन्ने शब्दहरुको पछि "दफा २३ बमोजिम निर्वाचनमा भाग नलिएमा वा" भन्ने शब्दहरु थपिएका छन।

६. **<u>मूल ऐनको दफा १४ मा संशोधन</u>**: मूल ऐनको दफा १४ को,-

(१) उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम सदस्यता वितरण गर्दा देहायको योग्यता पुगेको नेपाली नागरिकलाई वितरण गर्नु पर्नेछः-

(क) अठार वर्ष उमेर पूरा भएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, सहकारी सम्बन्धी कसूर, राहदानी दुरुपयोग, ठगी, किर्ते, अपहरण वा शरीरबन्धक, व्यक्ति वेपत्ता पार्ने सम्बन्धी कसूर, यातना, क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जाति हत्या, विष्फोटक पदार्थ वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा कसूरदार ठहर नभएको"

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा पाउने गरी कार्यरत नरहेको,

(घ) प्रचलित कानून बमोजिम तत्काल कालो सूचीमा नरहेको,

(ङ) विदेशको स्थायी आवासीय अनुमतिपत्र नलिएको र

(च) कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानून बमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य नरहेको।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) बमोजिम योग्यता नपुगेको व्यक्तिले दलको सदस्यता लिएमा वा सदस्यता लिएको पछि पत्ता लागेमा दलले निजको सदस्यता खारेज गरी प्रचलित कानून बमोजिम कारबाहीको लागि लेखि पठाउनु पर्नेछ।"

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उपदफा (४) बमोजिम दलले अद्यावधिक गरेको स्थानीय तहको विवरण सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा, प्रदेश तहको विवरण सम्बन्धित प्रदेश निर्वाचन कार्यालयमा र केन्द्रीय तहको विवरण निर्वाचन आयोगमा पठाउनु पर्नेछ।"

७. **<u>मूल ऐनको दफा १६ मा संशोधनः</u>** <u>मूल ऐनको दफा १६ को,-</u>

(१) दफा शिर्षकको "सङ्घीय र प्रदेश" भन्ने शब्दहरुको सट्टा "सङ्घीय, प्रदेश र स्थानीय" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (१) मा रहेको " केन्द्रीय समिति तथा प्रदेश तहमा रहने प्रदेश समिति" भन्ने शब्दहरुको सट्टा " केन्द्रीय समिति, प्रदेश तहमा रहने प्रदेश समिति तथा स्थानीय तहमा रहने स्थानीय समिति" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (१) मा देहायको द्रष्टव्य थपिएको छ;-

"**द्रष्टव्य**: यस दफा बमोजिमको समितिको प्रमुख पदमा एक व्यक्ति मात्र हुनु पर्नेछ।"

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ।

"(३) निर्वाचन भएको मितिले एक महिनाभित्र निर्वाचित केन्द्रीय समितिको विवरण आयोगमा, प्रदेश समितिको विवरण सम्बन्धित प्रदेश निर्वाचन कार्यालयमा र स्थानीय समितिको विवरण सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा पठाउनु पर्नेछ।"

(४) उपदफा (४) मा रहेको " केन्द्रीय समिति र प्रदेश" भन्ने शब्दहरुको सट्टा "केन्द्रीय, प्रदेश र स्थानीय" भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>मूल ऐनको दफा १७ मा संशोधन</u>**: मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ;-

"**१७. <u>केन्द्रीय, प्रदेश तथा स्थानीय समितिका पदाधिकारीको योग्यता</u>**: दलको केन्द्रीय समिति, प्रदेश समिति तथा स्थानीय समितिका पदाधिकारी निर्वाचित हुन दलको कुनै पनि सदस्यले पूरा गर्नु पर्ने शैक्षिक योग्यता, दलमा काम गरेको अनुभव, उमेर लगायतका योग्यता सम्बन्धित दलको विधानमा उल्लेख भए बमोजिम हुनेछ।"

९. **<u>मूल ऐनको दफा १८ मा संशोधन</u>**: मूल ऐनको दफा १८ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम कारबाही गर्ने सम्बन्धमा दलको विधानमा कुनै निकाय वा पदाधिकारीको व्यवस्था भएको भए सोही निकाय वा पदाधिकारीले र त्यस्तो व्यवस्था नभएको भए त्यस्तो दलको केन्द्रीय समितिले कारवाही गर्नु पर्नेछ।"

(२) उपदफा (२) मा रहेको "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (१क)" भन्ने शब्दहरु राखिएका छन्।

१०. **मूल ऐनको दफा २० मा संशोधन**: मूल ऐनको दफा २० को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (घ) मा रहेका "अभिवृद्धि गर्ने," भन्ने शब्दहरु पछि "र मतदाता शिक्षा प्रवर्द्धन गर्ने," भन्ने शब्दहरू थपिएका छन्।

(ख) खण्ड (छ) मा रहेका "अन्त्य गरी" भन्ने शब्दहरू पछि "सामाजिक न्यायको प्रत्याभूति र" भन्ने शब्दहरू थपिएका छन्।

(ग) खण्ड (ड) पछि देहायको खण्ड (ड१) एक थपिएको छ।

"(ड१) दलका पदाधिकारी तथा सदस्यको क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने वा गराउने,"

(घ) खण्ड (ढ) मा रहेको "आफ्नो" भन्ने शब्द पछि "दलको घोषणापत्र तथा" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थपिएका छन्ः-

"(४) यस दफा तथा सम्बन्धित दलको विधान बमोजिम दलले एक आर्थिक वर्षमा सम्पादन गरेको काम कारबाहीको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सार्वजनिक गरी निर्वाचन आयोगमा पेस गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको विवरण आयोगले वेबसाईट मार्फत सार्वजनिक गर्नेछ।

(६) उपदफा (२) को खण्ड (ढ) बमोजिमको कार्य राजनीतिक दलले गरे नगरेको सम्बन्धमा आयोगले अनुगमन तथा मूल्याङ्कन गरी वार्षिक रुपमा आफ्नो वेबसाईट मार्फत प्रतिवेदन सार्वजनिक गर्नेछ।"

११. **मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनको दफा २१ को,-

(१) खण्ड (ठ) मा रहेको "लगायतका" भन्ने शब्द पछि "कुनै पनि प्रकारका" भन्ने शब्द र "लाठी, भाटा" भन्ने शब्दहरुका पछि "लगायतका सामग्री" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (त) मा रहेको राजनीतिक भन्ने शब्द अघि "जुलुस, आमसभा, झाँकी प्रदर्शन लगायतका " भन्ने शब्दहरु थपिएका छन्।

१२. **मूल ऐनको दफा २३ मा संशोधनः** मूल ऐनको दफा २३ मा रहेको "दलले" भन्ने शब्दको सट्टा "आयोगमा दर्ता भएका दलले" भन्ने शब्दहरु राखिएका छन् र "निर्वाचनमा भाग लिन सक्नेछ" भन्ने

शब्दहरुको सट्टा "सङ्घीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा कम्तीमा तेत्तीस प्रतिशत निर्वाचन क्षेत्रमा भाग लिनु पर्नेछ।" भन्ने शब्दहरु राखिएका छन्।

**१३.** **<u>मूल ऐनको दफा २४ मा संशोधनः</u>** मूल ऐनको दफा २४ को,-

(१) उपदफा (१) र उपदफा (२) को सट्टा देहाय बमोजिमका उपदफा (१) र (२) राखिएका छन्ः

"(१) सङ्घीय संसदको प्रतिनिधि सभा वा राष्ट्रिय सभामा कम्तीमा दुई जना सदस्य रहेको दलले सम्बन्धित सदनमा निर्वाचित भएका दलमा अन्य कुनै दल गाभिई कायम भएका सदस्य रहेको प्रतिनिधि सभा वा राष्ट्रिय सभाको संसदीय दल गठन हुनेछ र त्यसरी गठन भएको संसदीय दललाई सङ्घीय संसदको संसदीय दल मानिनेछ।

(२) प्रदेश सभामा कम्तीमा दुई जना सदस्य रहेको दलले प्रदेश सभामा निर्वाचित भएका, त्यस्तो दलमा अन्य कुनै दल गाभिई कायम भएका सदस्य रहेको प्रदेश सभाको संसदीय दल गठन हुनेछ।

(२) उपदफा (३) मा रहेका "उपदफा (१)" पछि "र (२)" भन्ने शब्द र अङ्क थपिएका छन्।

**१४.** **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ मा देहाय बमोजिमको संशोधन गरिएको छः

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सम्बन्धित दलका प्रतिनिधि सभाका सदस्यले आफ्नो दलको तर्फबाट प्रतिनिधि सभाको संसदीय दलको नेता निर्वाचित गर्नेछन्।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएका छन्ः-

"(१क) उपदफा (१) बमोजिम निर्वाचित प्रतिनिधि सभाको सदस्य सो दलको सङ्घीय संसदीय दलको नेता हुनेछ र निजले आफ्नो दलको तर्फबाट राष्ट्रिय सभामा कम्तीमा दुई जना सदस्य रहेको अवस्थामा राष्ट्रिय सभाको संसदीय दलको नेता मनोनयन गर्नेछ।

(१ख) सम्बन्धित दलका प्रदेश सभाका सदस्यले आफ्नो दलको तर्फबाट प्रदेश सभाको संसदीय दलको नेता निर्वाचित गर्नेछन्।"

**१५.** **<u>मूल ऐनको दफा २६ मा संशोधनः</u>** मूल ऐनको दफा २६ को,-

(१) उपदफा (१) मा रहेका "उपनेता, सचेतक वा सदस्य-सचिव" भन्ने शब्दहरुको सट्टा "उपनेता र सचेतक" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "उपनेता, सचेतक वा सदस्य-सचिव" भन्ने शब्दहरुको सट्टा "उपनेता र सचेतक" भन्ने शब्दहरु राखिएका छन्।

१६. **<u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९**<u>. स्वतन्त्र निर्वाचित सदस्यले दलको सदस्यता लिन नहुनेः</u>** (१) कुनै दलको उम्मेदवार नभई स्वतन्त्र रुपमा सङ्घीय संसद वा प्रदेश सभा वा स्थानीय तहमा निर्वाचित भएको व्यक्तिले सभाको कार्य अवधिभर कुनै दलको सदस्यता लिन पाउने छैन।

(२) उपदफा (१) विपरित स्वतन्त्र उम्मेदवार भई निर्वाचित भएको व्यक्तिले दलको सदस्यता लिएमा निज निर्वाचित भएको पद दफा ३५ बमोजिमको सूचना सम्बन्धित सदन वा सभाको सभामुख वा अध्यक्षले सम्बन्धित सदन वा सभालाई दिएपछि वा सम्बन्धित सचिवालय वा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले सूचना टाँस गरे पछि त्यस्तो व्यक्ति निर्वाचित भएको पदको स्थान स्वतः रिक्त भएको मानिनेछ।"

१७. **<u>मूल ऐनको दफा ३१ मा संशोधन</u>**ः मूल ऐनको दफा ३१ को उपदफा (२) मा "निजले दल त्याग गरेको मिति देखि" भन्ने शब्दहरूको सट्टा "दफा ३५ बमोजिम सम्बन्धित सचिवालय वा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले सूचना टाँस गरेको मिति देखि" भन्ने शब्दहरू राखिएका छन्।

१८. **<u>मूल ऐनको दफा ३२ मा संशोधन</u>**ः मूल ऐनको दफा ३२ को,-

(१) उपदफा (१) को खण्ड (ख) मा रहेको "लिएमा" भन्ने शब्दको सट्टा "लिएको प्रमाणित भएमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफाहरु (२), (३), (४) र (५) को सट्टा देहायका उपदफा (२), (३) र (४) राखिएका छन्।

"(२) कुनै दलको महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको चालीस प्रतिशत वा सो भन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको चालीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकैपटक छुट्टै नयाँ दल बनाएमा वा अर्को कुनै दलमा प्रवेश गरेमा वा त्यस्ता सदस्यहरू समेत भई नयाँ दल गठन गरेमा त्यस्तो संसदीय दलका सदस्यले दल त्याग गरेको मानिने छ।

(३) उपदफा (२) बमोजिम छुट्टै नयाँ दल गठन भएकोमा त्यस्तो दल गठन हुनु भन्दा तत्काल अघिको दलको तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्य त्यसरी नयाँ दल गठन भएको एक्काइस दिन भित्र त्यस्तो नयाँ दलमा प्रवेश गरेमा त्यस्ता सदस्यले दल त्याग गरेको मानिने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम गठन भएको दलको प्रतिनिधि सभाको संसदीय दलको सदस्यले प्रतिनिधि सभाको सो कार्यकालभर अर्को दलमा गाभिन वा त्यस्तो दलको सदस्य सो दलबाट छुट्टिई अर्को दलमा प्रवेश गर्न पाउने छैन।"

१९. **<u>मूल ऐनमा दफा ३२ पछि देहायको दफा ३२क थपः</u>** मूल ऐनमा दफा ३२ पछि देहायको दफा ३२क. थपिएको छः

"**३२क. दलबाट निष्काशन भएको मानिनेः** (१) दफा २८ को उपदफा (३) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यलाई यस दफाको अधीनमा रही सम्बन्धित दलबाट निष्कासन गर्न सक्नेछ र त्यसरी कुनै सदस्य निष्कासन भएमा त्यस्तो सदस्य सम्बन्धित दलबाट समेत निष्कासन भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम निष्कासन गर्नु अघि सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ र त्यस्तो प्रयोजनको लागि सम्बन्धित दलले छानविन समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सफाई प्राप्त भएपछि सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यले पेश गरेको सफाई सन्तोषजनक भए वा नभएको निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम पेश भएको सफाई सन्तोषजनक नभएमा विधानमा व्यवस्था भए बमोजिम सम्बन्धित दलको केन्द्रीय समितिले आधार र कारण खुलाई त्यस्तो सदस्यलाई दलको सदस्यताबाट निष्कासन गर्न सक्नेछ।"

२०. **मूल ऐनको दफा ३३ मा संशोधन**: मूल ऐनको दफा ३३ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेको "प्रदेश सभाका सभामुख वा उपसभामुख" भन्ने शब्दहरुको पछि "गाँउसभा वा नगरसभाका अध्यक्ष वा उपाध्यक्ष" भन्ने शब्दहरु थपिएका छन।

(२) उपदफा (२) र (३) हटाईएका छन्।

२१. **मूल ऐनको दफा ३४ मा संशोधन**: मूल ऐनको दफा ३४ को,-

(१) उपदफा (१) मा रहेका "दल त्याग गरेमा वा" भन्ने शब्दहरुको सट्टा "दल त्याग गरेको कारणले" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) कुनै दलको तर्फबाट स्थानीय तहको कुनै पदमा उम्मेदवार भई निर्वाचित भएको सदस्यले यस ऐन बमोजिम दल त्याग गरेको कारणले निजलाई दलबाट निष्कासन गरिएमा सो दलको केन्द्रीय समितिले निर्णय गरी त्यसको सूचना सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई दिनु पर्नेछ।"

(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) र (१क) बमोजिम सूचना प्राप्त भए पछि सङ्घीय संसद वा प्रदेश सभा सचिवालयले त्यस्तो सूचना सम्बन्धित सदन वा सभाको सभामुख वा अध्यक्ष समक्ष र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले गाउँसभा वा नगर सभा समक्ष दिनु पर्नेछ।"

२२. **मूल ऐनको दफा ३५ मा संशोधनः** मूल ऐनको दफा ३५ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) दफा ३४ बमोजिम सूचना प्राप्त भए पछि सम्बन्धित गाउँ सभा तथा नगर सभाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका मार्फत त्यस्तो सूचना प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सूचना पाटीमा टाँस गर्नु पर्नेछ।"

२३. **मूल ऐनको दफा ३६ मा संशोधनः** मूल ऐनको दफा ३६ को,-

(१) उपदफा (१) मा "सम्बन्धित सचिवालयको" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित सचिवालय वा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम सूचना पाटीमा टाँस नभएमा र सम्बन्धित सदन वा सभाको सभामुख वा अध्यक्षले दफा ३५ बमोजिम सदनलाई जानकारी नदिएमा दफा ३५ बमोजिमको समयावधि पश्चात त्यस्तो सदस्यको स्थान स्वतः रिक्त हुनेछ।"

(३) उपदफा (२) मा रहेका "सचिवालयले आयोगलाई" भन्ने शब्दहरू पछि "र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले सम्बन्धित निर्वाचन कार्यालय र आयोगलाई" भन्ने शब्दहरू थपिएका छन्।

२४. **मूल ऐनको दफा ३८ पछि दफा ३८क. थपः** मूल ऐनमा दफा ३८ पछि देहायको दफा ३८क. थपिएको छः

"**३८क. राज्यकोषबाट अनुदान उपलब्ध गराउनेः** (१) आयोगमा दर्ता भएका राजनीतिक दललाई तोकिएको मापदण्ड बमोजिम नेपाल सरकारले निर्वाचन खर्च तथा दल सञ्चालनको लागि आवश्यक पर्ने रकम राज्य कोषबाट अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने रकम संघीय विनियोजन ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम उपलब्ध गराएको अनुदान रकम परिचालन गर्ने प्रयोजनको लागि नेपाल सरकारले कर्मचारी खटाउने छ।

(४) यस दफा बमोजिम उपलब्ध गराएको अनुदान रकमको लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ।

(५) यो दफाको व्यवस्था लागू भएपछि दफा ३८ को उपदफा (२) को व्यवस्था राज्यकोषबाट अनुदान प्राप्त गर्ने दलको हकमा लागू हुने छैन।

(६) यस दफा बमोजिम राज्य कोषबाट अनुदान रकम सम्बन्धी प्रक्रिया एवं अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२५. **मूल ऐनको दफा ४१ मा संशोधनः** मूल ऐनको दफा ४१ को,-

(१) उपदफा (१) मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "तीन महिना भित्र" भन्ने शब्दहरु र "एक महिना भित्र" भन्ने शब्दहरुको सट्टा "सोको सार्वजनिक परीक्षण समेत गरी पन्ध्र दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३) बमोजिमक आदेश प्राप्त भएको पन्ध्र दिन भित्र सम्बन्धित दलले स्पष्टीकरण पेश गर्नु पर्नेछ।"

(३) उपदफा (५) मा रहेका "एक महिनाभित्र दलले" भन्ने शब्दहरु पछि "आफ्नो वेबसाईट समेतमा" भन्ने शब्दहरू थपिएका छन्।

२६. **मूल ऐनको दफा ४२ मा संशोधनः** मूल ऐनको दफा ४२ को,-

(१) उपदफा (१) मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरु पछि "महालेखा परीक्षकबाट" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) को प्रयोजनको लागि महालेखा परीक्षकले सम्बन्धित दलबाट कुनै विवरण वा कागजात माग गर्न सक्नेछ र दलले त्यस्तो विवरण वा कागजात महालेखा परीक्षकले माग गर्दाका बखत तोकेको अवधिभित्र दलले पेश गर्नु पर्नेछ।"

२७. **मूल ऐनको दफा ४३ मा संशोधनः** मूल ऐनको दफा ४३ मा रहेको "वा एउटै दलका दुई वा दुई भन्दा बढी पक्षहरु बीच" भन्ने शब्दहरुको सट्टा "वा एउटै दल भित्र" भन्ने शब्दहरु राखिएका छन्।

२८. **मूल ऐनको दफा ४४ मा संशोधनः** मूल ऐनको दफा ४४ को उपदफा (१) मा रहेको "पक्षले दलको केन्द्रीय समितिको चालीस प्रतिशत सदस्यको हस्ताक्षर सहित" भन्ने शब्दहरुको सट्टा "केन्द्रीय समितिको चालीस प्रतिशत सदस्यले" भन्ने शब्दहरु राखिएका छन् ।

२९. **मूल ऐनको दफा ४८ मा संशोधनः** मूल ऐनको दफा ४८ को उपदफा (१) को "प्रतिबन्धात्मक वाक्यांश" झिकिएको छ।

३०. **मूल ऐनमा दफा ५१क. थपः** मुल ऐनको दफा ५१ पछि देहायको दफा ५१क. थपिएको छः-

"**५१क. उजुरी दिन सक्नेः** (१) दफा ५१ को उपदफा (१) बमोजिम आयोगलाई जानकारी दिँदा गलत मनसायले फरक व्यहोरा पर्ने गरी वा ढाँटी, छली वा किर्ते हस्ताक्षर गराई पेश भएको भनी कुनै व्यक्ति वा पक्षले आयोगमा निवेदन तथा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन तथा उजुरी दिने प्रक्रिया तथा ढाँचा तोकिए बमोजिम हुनेछ।"

३१. **मूल ऐनको दफा ५२ मा संशोधनः** मूल ऐनको दफा ५२ को सट्टा देहायको दफा ५२ राखिएको छः-

**५२. राष्ट्रिय दलको मान्यताः** देहायका आधारमा दलले राष्ट्रिय दलको मान्यता प्राप्त गर्नेछः

(क) प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ खसेको मतको सदर मतको कम्तीमा तीन प्रतिशत मत प्राप्त गर्ने दल,

(ख) प्रतिनिधि सभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ कम्तीमा सत्तरी प्रतिशत सिटमा उम्मेद्वारी दिएको र तीन प्रदेशमा कम्तीमा एक एक सिट प्राप्त गर्ने दल,

(ग) राष्ट्रको विविधता देखिने गरी समानुपातिक समावेशी भएको केन्द्रमा केन्द्रीय समिति, प्रत्येक प्रदेशमा प्रदेश समिति, प्रत्येक जिल्लामा जिल्ला समिति र स्थानीय तहमा कम्तिमा असी प्रतिशत स्थानीय समिति रहेको दल।

३२. **मूल ऐनमा दफा ५२क थपः** मूल ऐनको दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छ;

**५२क. प्रदेशस्तरीय दलको मान्यताः** देहायका आधारमा दलले प्रदेशस्तरीय दलको मान्यता प्राप्त गर्नेछः-

(क) प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ कम्तीमा तीन प्रतिशत मत प्राप्त गर्ने दल,

(ख) प्रदेश सभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ कम्तीमा सत्तरी प्रतिशत सिटमा उम्मेद्वारी दिएको र एक सिट प्राप्त गर्ने दल,

(ग) प्रदेशमा प्रदेश समिति, प्रत्येक जिल्लामा जिल्ला समिति र स्थानीय तहमा कम्तिमा असी प्रतिशत स्थानीय समिति रहेको दल।

३३. **मूल ऐनको दफा ५३ मा संशोधन**: (१) मूल ऐनको दफा ५३ को,-

(१) उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर दफा ३२ को उपदफा (२) बमोजिम गठन भएको दलका केन्द्रीय समितिका पदाधिकारी र सदस्यले त्यस्तो दल दर्ता भएको साठी दिनभित्र त्यस्तो विवरण पेश गर्नु पर्नेछ।"

(२) उपदफा (२) को "प्रकाशन" भन्ने शब्दको पछि "गरी आयोगमा पेश" भन्ने शब्दहरु थपिएका छन ।

३४. **मूल ऐनको दफा ५४ मा संशोधनः** मूल ऐनको दफा ५४ को,-

(१) खण्ड (ख) र (ग) मा रहेका "केन्द्रीय समिति र प्रदेश" भन्ने शब्दहरुको सट्टा "केन्द्रीय, प्रदेश र स्थानीय" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः-

"(ज) दफा २२ बमोजिम आयोगबाट जारी गरिएको निर्देशन पालना नगरेमा।"

(३) उपदफा (४) झिकिएको छ।

३५. **मूल ऐनको दफा ५५ मा संशोधनः** मूल ऐनको दफा ५५ को,-

(१) उपदफा (१) को आचारसंहिता भन्ने शब्दको पछि "आयोगले निर्धारण गरेको ढाँचामा" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपदफा (४) मा रहेको "उपदफा (२)" भन्ने शब्दको सट्टा "उपदफा (३)" भन्ने शब्द राखिएको छ।

३६. **<u>मूल ऐनको दफा ५९ मा संशोधनः</u>** मूल ऐनको दफा ५९ को सट्टा देहायको दफा ५९ राखिएको छः-

"**५९. <u>सम्पर्क व्यक्ति तोक्नु पर्नेः</u>** दलले संघ, प्रदेश र स्थानीय तहमा छुट्टाछुटै सम्पर्क व्यक्ति तोकि आयोग, प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयलाई जानकारी गराउनु पर्नेछ।"

३७. **<u>मूल ऐनमा दफा ५९क. थपः</u>** मूल ऐनको दफा ५९ पछि देहायको दफा ५९क. थपिएको छः-

"**५९क. <u>अनुगमन गर्न सक्नेः</u>** (१) आयोगले देहायको विषयमा दलको अनुगमन गर्न सक्नेछ,

(क) समावेशी प्रतिनिधित्व हुने गरी सदस्यता वितरण गरे नगरेको,

(ख) हरेक पाँच वर्षमा महाधिवेशन भए नभएको ,

(ग) दलको लेखा परीक्षण गरे नगरेको,

(घ) आयोगले तोकेको अन्य विषय।

(२) कुनै दलले यस ऐन बमोजिमको काम कारबाही नगरेकोमा आयोगले त्यस्तो दललाई छ महिना भित्र काम कारबाही गरी सच्याउन आदेश दिन सक्नेछ।

(३) कुनै दलले उपदफा (२) बमोजिमको अवधिभित्र काम कारवाही नसच्याएमा त्यस्तो दललाई आयोगले तत्काल हुने निर्वाचनमा भाग लिन नपाउने गरी आदेश दिन सक्नेछ।

(४) अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

३८. **<u>मूल ऐनमा दफा ६१क. र ६१ख. थपः</u>** मूल ऐनको दफा ६१ पछि देहायको दफा ६१क. र ६१ख थपिएका छनः

"**६१क. <u>समावेशी सिद्धान्तको अवलम्बनः</u>** यस ऐनको दफा ५ बमोजिम आयोगमा दर्ता कायम भएका प्रत्येक राजनीतिक दलले विधान बमोजिमका समितिमा समावेशी प्रतिनिधित्व हुने गरी व्यवस्था गर्नु पर्नेछ।

**६१ख. <u>ऐन कार्यान्वयन मापनः</u>** यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि मन्त्रालयले ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्नेछ।"

३९. **<u>मूल ऐनको दफा ४९ झिक्नेः</u>** मूल ऐनको दफा ४९ झिकिएको छ।

४०. **<u>मूल ऐनको अनुसूचीमा संशोधनः</u>** मूल ऐनको अनुसूचीका क्रमसंख्या ६, ८ र ११ पछि देहाय बमोजिमका ६क., ८क. र ११क. थपिएका छन्:-

"६क. दलको विभिन्न समिति तथा विभागमा कम्तीमा तेत्तीस प्रतिशत महिला रहने गरी व्यवस्था गर्ने,

८क. दलको केन्द्रीय समिति, प्रदेश समिति र स्थानीय समितिमा निर्वाचित पदाधिकारीहरुको बढीमा दश प्रतिशत सदस्य मनोनय गर्न सक्ने व्यवस्था,

११क. आफ्नो दल, पदाधिकारी, सदस्य र कार्यकर्ताले दलको आचारसंहिता उलंङ्घन गरेमा सजायको व्यवस्था,"